# जिल्ला प्रशासन कार्यालय रामेछापको सवारी पास सम्बन्धि

# अत्यन्त जरुरी सूचना

९ जेष्ठ २०७७

गृह मन्त्रलाय आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. ५७० मिति २०७७/०२/०७ को पत्रानुसार विभिन्न जिल्लाबाट काठमाण्डौ उत्पयका प्रवेश र एक जिल्लाबाट अर्को जिल्मा सवारी अनुमति प्रदान गर्नका लागि कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न काठमाण्डौ उपत्यका लगायत देशभर उच्च स्तरको सतर्कता सहितको व्यवस्था मिलाउनु परेको हुँदा उब उप्रान्त देहाय बमोजिमको शर्तहरु पुरा गरेर मात्र सवारी पास अनुमतिका लागि कागजात पेश गर्नु हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

१. अत्यावश्यक कामको लागि काठमाण्डौ उपत्यका प्रवेशको गर्ने सवारी पास माग गर्दा सम्भव भए सम्म कोभिड-१९ को संक्रमण नभएको सुनिश्चित (RDT/PCR परीक्षण वा चिकित्सकको रिपोर्ट) गरेर मात्र सवारी पास daoramechhap@gmail.com मा माग गर्नु पर्ने छ ।

२. उपत्यका प्रवेशको लागि पास माग गर्दा प्रवेश गर्ने व्यक्तिहरुको बस्ने स्थान सहितको विस्तृत ठेगाना खुल्ने कागजात समेत पेश गर्नु पर्ने छ ।

३. यसरी उपत्यका प्रवेश गर्ने व्यक्तिहरुको विस्तृत विवरण (बस्ने स्थान) सम्बन्धित पालिकामा पठाईने भएकोले आफ्नै घर भएमा Home Quarantine मा बस्ने र नभएमा स्थानीय तहले तोकेको Quarantine मा बस्ने व्यवस्था भएमा मात्र सवारी पासको लागि मन्त्रालयमा सिफारिस गरिनेछ ।

४. स्वास्थ्य सम्बन्धि प्रोटोकलको आधारमा मात्र सवारी साधनमा पठाईने भएको हुँदा सवार हुने व्यक्तिको संख्या सहित नामनामेसी विवरण (प्रमाण समेत) उल्लेख गर्नु पर्ने छ ।

५. काठमाण्डौ उपत्यका बाहेक अन्य जिल्लाको हकमा गन्तव्य जिल्लाको जिल्ला प्रशासन कार्यालयसँगको सहमतिमा मात्र सवारी अनुमति दिइने छ । बाहिरी जिल्लाबाट यस जिल्लामा प्रवेश गर्ने व्यक्तिको हकमा व्यक्तिको विस्तृत विवरण र यस जिल्लामा आइ क्वारेन्टाइनमा बस्ने प्रतिवद्धता सहित यस जिल्लाको सहमतिमा मात्र बाहिरी जिल्लाले सवारी पास जारी गर्नु पर्नेछ ।

६. बिरामी भई उपत्यका लगायत अन्य जिल्लामा जानु परेमा एम्बुलेन्सको प्रयोग गर्नु हुन समेत अनुरोध छ ।

७. सम्पर्कको लागि: ०४८-५४०३७०, ९८४१३४७५५९ र ९८६३०२३००१